नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# प्रेस विज्ञप्ती

आर्थिक वर्ष २०७५/७६ मा लिइएका राजस्व सम्बन्धी नीति तथा कार्यक्रम र विद्यमान कर कानून कार्यान्वयनको समीक्षा गर्दै त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा आर्थिक वर्ष २०७६/७७ को राजस्व नीति / कार्यक्रम एवं सम्बद्ध कर कानूनमा भएका संशोधित प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गरी लक्षित कर संकलनको आवश्यक रणनीति तय गर्नका लागि २०७६, श्रावण १९ र २० गते व्यवस्थापन गोष्ठी आयोजना गरिएको हो।

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले व्यवस्थापन गोष्ठीको शुभारम्भ गर्नुभयो। सहभागीहरुलाई सम्बोधन गर्ने क्रममा विगतमा गरिएका पहिलो चरणका कर सुधारका प्रयासहरुको चर्चा गर्दै दोस्रो तहको कर सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो। सामान्य लक्ष्य राखेर राजस्व पुऱ्याउनुभन्दा उच्च लक्ष्य राखेर नजिक पुग्नुको महत्व बेग्लै हुने भन्दै लगातार तेस्रो वर्ष पनि २० प्रतिशत भन्दा बढिका दरले राजस्व वृद्धि हुनु सकारात्मक रहेको धारणा व्यक्त गर्नुभयो। अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको ठूलो हिस्सा रहेको र करको दर बढाउने अवस्था समेत नरहेको हुँदा करको दायरा बढाउदै आर्थिक स्थायित्व र आर्थिक वृद्धि गरी परनिर्भरता घटाउदै लैजानुपर्ने विचार व्यक्त गर्नुभयो। सामाजिक सुरक्षाको बढ्दो खर्च व्यवस्थापन गर्न सामाजिक सुरक्षा कर र पैतृक सम्पत्ति हस्तान्तरण कर (Inheritance Tax) सम्भावित क्षेत्रहरु भएको औल्याउनुभयो। सूचना प्रविधिको प्रयोग मार्फत Faceless Tax Administration बनाउने र हरेक नागरिकले स्थायी लेखा नम्बर लिने कार्य नागरिकता प्रमाणपत्र लिने जस्तै महत्वपूर्ण कार्य भएकोले यस अभियानलाई सफल बनाउन व्यवसायीहरुलाई आग्रह गर्नु भयो। विजक लिने दिने र हिसाव राख्ने दायित्व व्यवसायीको रहेकोले पारदर्शी रुपले व्यवसाय सञ्चालन गरी कर तिर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। राजस्व प्रशासनको सुधार गर्न निजी क्षेत्र समेतको प्रतिनिधी रहने गरी स्थायी प्रकृतिको राजस्व बोर्ड गठन हुन गईरहेको जानकारी दिदै आ-आफ्नो ठाउँबाट सुधारको प्रयासमा सहयोग गर्न व्यवसायीहरुलाई आव्हान गर्दै व्यवस्थापन गोष्ठिको सफलताको शुभकामना व्यक्त गर्नुभयो।

समारोहको पहिलो सत्रलाई समापन गर्दै सचिव (राजस्व) श्री लालशंकर घिमिरेले व्यवसायी नै पहिलो कर अधिकृत भएको, कूल राष्ट्रिय उपभोगको आधारमा मूल्य अभिवृद्धि कर असुली न्यून रहेको, कुल ग्राहस्थ उत्पादनको ८०प्रतिशत उपभोग खर्च रहेको र हालसालै सरकारी स्तरबाट सम्पन्न आर्थिक गणनाले झण्डै ५० प्रतिशत फर्म/व्यवसाय विना दर्ता संचालित भईरहेको वास्तविकतासँग तुलना गर्ने हो भने राजस्व संकलन अझै न्यूनछ, यहाँनेर व्यवसायीको सहयोग महत्वपूर्ण रहने, राजस्व प्रशासनमा सुधार गर्न र व्यवसायीलाई परेका समस्याहरुलाई सहजिकरण गर्नको लागि अर्थ मन्त्रालय तयार रहेको धारणा व्यक्त गर्नुभयो।

महानिर्देशक श्री विष्णुप्रसाद नेपालले अतिथिहरुलाई स्वागत गर्दै दोश्रो पञ्चवर्षिय रणनीतिक योजना जारी गरी कार्यान्वयनमा रहेको तथा तेस्रो रणनीतिक सुधार योजना तयार गर्ने कार्य भइरहेको, सबै प्रकारका आर्थिक कृयाकलापलाई करको दायरामा ल्याईने, विद्युतीय भुक्तानी, केन्द्रीय वीजक अनुगमन प्रणाली र सूचना प्रणालीमा आधारित अनुसन्धान तथा कर परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री किशोर प्रधानले शुभकामना मन्तव्यको क्रममा करको दायरा बढाउन गरिएका प्रयासहरु सकारात्मक रहेको बताउदै सुधारका प्रयासहरु क्रमश:लागू गर्दै जानुपर्ने, स्वेच्छाले कर तिर्नुपर्ने वातावरण बनाउनुपर्ने, मूल्य अभिवृद्धि करको पचाश प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्थामा सुधार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेपाल उद्योग परिसंघका अध्यक्ष श्री सतिष कुमार मोरले गोष्ठीको सफलताको शुभकामना व्यक्त गर्दैकर प्रशासन र व्यवसायी वीच विश्वासको वातावरण बनेको, अस्थायी/ज्यालादारी मजुदरलाई स्थायी लेखा नम्बर व्यवहारिक नभएको, निर्यात प्रवद्धन गर्न निर्यात अनुदानको वर्गीकरण गर्नुपर्ने धारणा राख्नुभयो।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष श्री राजेशकाजी श्रेष्ठले करदातामैत्रि व्यवहार ल्याउन यस्ता गोष्ठीले सहयोग पुऱ्याउने धारणा राख्दै करको दर होईन दायरा बढाउनुपर्ने, स्थायी कर्मचारीहरुलाई मात्र स्थायी लेखा नम्बर लिनुपर्ने, ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लगाउनु सट्टा सेवा कर लगाउनुपर्ने, मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (VCTS) क्रमश:लागू गर्दै जानुपर्ने, विद्युतीय वीजक अनुमतीको लागि समयसीमा थप गर्नुपर्ने विचार सहित व्यवस्थापन गोष्ठीको सफलताको शुभकामना व्यक्त गर्नुभयो।

पहिलो सत्रको कार्यक्रम समापन पछि विभाग तथा कार्यालयबाट सम्पादन गरिएका कार्यहरुको बारेमा समग्र प्रस्तुतीका साथै महाशाखाहरुबाट समेत प्रस्तुती भएको थियो। त्यसैगरी महालेखा लेखा नियन्त्रक कार्यालयबाट राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) प्रयोग सम्बन्धी व्यवहारिक पक्षहरुको बारेमा र राजस्व अनुसन्धान विभागबाट Vehicle Tracking and Consignment System (VCTS) को सम्बन्धमा प्रस्तुती गरिएको थियो। वार्षिक नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था, कार्यालयहरुले गरेका अनुकरणीय कार्यहरु (Best Practices), साथै कार्यसम्पादन/संचालनमा देखिएका समस्याहरु समेतको विश्लेषण गरी समग्र कार्यालयहरुको एकिकृत प्रस्तुती गरिएको थियो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

गोष्ठीको दोस्रो दिन सहभागीहरुलाई करनीति, सेवा प्रवाह र संगठनात्मक प्रभावकारिता,कर परीक्षण/अनुसन्धान, कर संकलन, बक्यौता तथा बेरुजु व्यवस्थापन, अन्तःशुल्क व्यवस्थापनर सूचना प्रविधिको उच्चतम प्रयोग र सुधार सम्बन्धी विभिन्न पाँचवटा विषयगत समूहरु (Thematic Groups) मा विभाजन गरी विगत वर्षमा कार्यसम्पादनमा देखिएका समस्या र समाधानका उपायहरुमा छलफल गरी समूहगत प्रस्तुतीकरण गरिएको थियो।

आर्थिक वर्ष २०७५।०७६ मा तोकिएका कार्यसम्पादन सूचकांकको आधारमा उत्कृष्ट भएका प्रथम, द्वितीय र तृतीय हुने कार्यालयहरु क्रमशः आन्तरिक राजस्व कार्यालय सुर्खेत, ललितुपर-१ र भक्तपुरका प्रमुख कर अधिकृतहरुलाई महानिर्देशक र अर्थ सचिवले प्रमाणपत्र वितरण तथा सम्मान गर्नु भएको थियो। प्रथम हुने आन्तरिक राजस्व कार्यालय, सुर्खेतका प्रमुख कर अधिकृत भूमिराम शर्माले मन्तव्य व्यक्त गर्दै मन्त्रालय र विभागबाट प्राप्त सुझाव, सहयोग र मार्गनिर्देशनका लागि आभार व्यक्त गर्नु भयो। सोही समारोहमा विभागका महानिर्देशक र कार्यालय प्रमुखहरु वीच आर्थिक वर्ष २०७६।७७ को लागि तोकिएका कार्यगत लक्ष्यहरु कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यसम्पादन सम्झौता गरियो।

गोष्ठीको अन्त्यमा विभागलाई तोकिएको रु ५०६ अर्व राजस्व संकलनको लक्ष्य हासिल गर्ने, एक व्यक्ति एक स्थायी लेखा नम्बरको नीति कार्यान्वयन गर्न जुनसुकै आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट व्यक्तिगत स्थायी लेखा नम्बर लिन सक्ने व्यवस्था मिलाउने लगायतका २१ बुँदे प्रतिबद्धतापत्र जारी गरिएको थियो।

अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा प्रमुखले सहभागीहरुलाई राजस्व नीति र कार्यक्रमको सफल कार्यान्वयन गर्नको लागि थप व्यवसायिक बन्नुपर्ने धारणा व्यक्त गर्नुभयो। सचिव (राजस्व) लालशंकर घिमिरेले निर्णय प्रकृया छिटो छरितो गर्नुपर्ने, अन्तःशुल्क तर्फको निगरानी र अनुसन्धान कार्यलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। अर्थ सचिव राजन खनालले करदाता शिक्षालाई जोड दिने, अन्तर विभाग समन्वय गरी सूचना आदानप्रदान गर्ने, Tax Compliance बढाउनुपर्ने, सूचना प्रविधि प्रणालीलाई सुदृढिकरण गर्नुपर्ने तथा तथ्यांकीय सुरक्षामा सजग हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। महानिर्देशकले माननीय अर्थमन्त्री, सचिवहरुबाट प्राप्त उत्प्रेरणामूलक निर्देशन कार्यान्वयन गर्ने प्रण गर्दै व्यवस्थापन गोष्ठीको समापन गर्नुभएको थियो।

होटेल हिमालय, कुपण्डोल, ललितपुर

श्रावण २०, २०७६